नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(............................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५११९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- (अनुमतिपत्र) ०८१/८२
चलनी नं.:- ५६४

मिति: २०८१/०७/०८

**बिषय:** काभ्रा हिल सौर्य विद्युत आयोजना, दाङ्ग, को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।

श्री दाङ भ्याली सोलार प्रा.लि.
काठमाण्डौ म.न.पा.-१४, काठमाडौं
सम्पर्क : ९८६९०३०३७६

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित काभ्रा हिल सौर्य विद्युत आयोजना, दाङ्ग,को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त उपर कारबाही हुँदा "विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका,२०७५ को दफा ७,८ र ९ अनुसार तथा "ग्रिड कनेक्टेड वैकल्पिक विद्युत विकास सम्बन्धि कार्यविधि ,२०७८" बमोजिम निम्नानुसारका विवरणहरु नपुग देखिएकोले निर्देशिकाको दफा (१०)को उपदफा (३) अनुसार ७ (सात) दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०८१/०७/०७को निर्णयानुसार जानकारी गराइन्छ।

तपशिलः (प्रतिलिपिहरु notarized हुनु पर्ने)

१. प्रवर्द्धक संस्थाको दर्ता प्रमाण-पत्र, प्रबन्ध पत्र, नियमावली, PAN दर्ता प्रमाण, गत आ.व. को कर चुक्ता तथा कम्पनी अध्यावधिक प्रमाणका प्रमाणित प्रतिलिपिहरु,
२. अध्यावधिक शेयर लगत अभिलेखको प्रमाणित प्रतिलिपि,
३. संचालक समितिको निर्णयबाट तोकिएको आधिकारिक व्यक्ति सम्बन्धि विवरण तथा औपचारिक पत्राचार गर्ने ठेगाना एवम सम्पर्क नम्बरको प्रमाणित प्रति,
४. CA बाट प्रमाणित कम्पनीको नाममा रहेको खुद सम्पति(Net Worth)को प्रमाणित प्रति(UDIN भएको),
५. Net Worth प्रमाणित गर्ने CAको संस्था दर्ता, नाविकरण प्रमाण तथा cop को प्रमाणित प्रतिहरु,
६. परामर्शदाता बाट प्रमाणित डेस्क स्टडी रिपोर्ट (क्षमता अनुसारको विवरण भएको),
   - अध्ययन सम्पन्न गर्न र शुरुको एक बर्षमा गर्ने अध्ययनको कार्य तालिका (Work Schedule)
   - परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित लागत (Cost Breakdown) र कुल अवधि (सर्वेक्षण र निर्माण समेतको लागि)
   - आयोजना विकास गर्ने विषयमा प्राविधिक विश्लेषण सहितको प्रस्ताव (परियोजनाको कूल जडान क्षमता र वार्षिक उत्पादनको अनुमान सहित)

७. Soft Copy Of Desk Study Report in Editable Format,
८. परामर्शदाता संस्थाको दर्ता प्रमाण पत्र, PANदर्ता, प्रबन्ध पत्र, नियमावली, गत आ.व.को कर चुक्ताका प्रमाणित प्रतिलिपिहरु,
९. अयोजनाको सम्भाव्यता अध्ययन गर्ने विषयमा परामर्शदाता सम्झौता(Work Description, Deliverables, Consulting costआदि खुलेको),
१०. प्रस्तावित आयोजना सिंचाई योग्य जमिन भित्र नपर्ने भनी जलस्रोत तथा सिंचाई विभाग वा प्रदेश सरकार अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयको सिफारिस पत्र(Coordinate खुलेको),
११. प्रस्तावित आयोजना निकुन्ज तथा आरक्षण क्षेत्र भित्र नपर्ने भनी वन तथा वातावरण मन्त्रालयको सिफारिस पत्र(Coordinate खुलेको)।

..............................
(नविन राज चौलागाई)